# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
२०६४ जेठ ११

**अमेरिकी राजदूतद्वारा भुटानी शरणार्थीका लागि**
**खाद्य सहयोग, प्रोसेसिङ सेन्टर छनौटको घोषणा**

झापा – अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले आज यहाँस्थित भुटानी शरणार्थी शिविरको भ्रमण गर्ने क्रममा कम्तीमा ६०,००० भुटानी शरणार्थीलाई अमेरिकामा पुनर्स्थापित गराउने कार्यक्रमका बारेमा विस्तृत जानकारी दिनुभयो । साथै वहाँले पुनर्स्थापना कार्यक्रमको प्रोसेसिङ गर्ने संस्थाको छनौट भएको पनि जानकारी दिनुभयो । वहाँले यूएसएडद्वारा सञ्चालित अमेरिकी कार्यक्रम -- शान्तिका लागि खाद्यान्न (Food for Peace) -- अन्तर्गत शिविरहरुका लागि २० लाख अमेरिकी डलर बराबरको खाद्यान्न सहयोग थप गरिएको पनि जानकारी दिनुभयो ।

अमेरिकी विदेश मन्त्रालयले भुटानी शरणार्थी पुनर्स्थापना कार्यक्रमका लागि ओभरसीज प्रोसेसिङ इन्टिट ( ओपिइ) को रुपमा International Organization for Migration (IOM) लाई छनौट गरेको जानकारी राजदूत मोरियार्टीले दिनुभयो । काठमाडौंमा स्थापना हुने उक्त संस्थाले प्रोसेसिङका अधिकांश कार्यहरु नेपालको दक्षिणपूर्वी झापा जिल्लामा सञ्चालन गर्नेछ । काठमाडौंमा उक्त कार्यालय २००७ को जुलाईमा स्थापना हुनेछ र शरणार्थीसम्बन्धी राष्ट्संघीय उच्चायोग (UNHCR) को सिफारिसअनुसार प्रोसेसिङको कार्य सेप्टेम्बरदेखि थाल्नेछ । पुनर्स्थापनाका कार्यक्रम शुरु भएपछि प्रारम्भिक अन्तर्वार्तादेखि अमेरिका प्रस्थानसम्मका लागि कम्तीमा छ महिनाको समय लाग्नेछ ।

शरणार्थीहरुलाई सम्बोधन गर्दै राजदूतले भन्नुभयो, “सबै भुटानी शरणार्थीका लागि अमेरिका जानु मात्रै सर्वोत्तम रोजाई नहुन सक्छ । जसले स्वेच्छाले अमेरिकामा बसोबास गर्न चाहन्छन्, उनीहरुको सम्बन्धमा मात्रै विचार गरिनेछ । अमेरिकी सरकार, र मलाई विश्वास भएअनुसार अन्य दातृ सरकारहरुले पनि, पुनर्स्थापना कार्यक्रम सँगसँगै भुटानी शरणार्थीहरुको स्वदेश फिर्तीको अधिकारको पक्षमा वकालात गरिरहनेछन् ।” राजदूतले शरणार्थीहरुका अतिरिक्त शरणार्थी नेताहरु तथा UNHCR का प्रतिनिधिहरुसँग पनि भेटघाट गर्नुभयो ।

अमेरिकाले भुटानी शरणार्थीका लागि २० लाख डलरको थप खाद्य सहयोग विश्व खाद्य कार्यक्रम (World Food Program) मार्फत उपलब्ध गराउन लागेको राजदूत मोरियार्टीले बताउनुभयो । यो र केही समय अगाडि गरिएको १८ लाख डलरबराबरको सहयोग गरी यो वर्षको कूल खाद्यान्न सहयोग ३८ लाख डलर बराबर पुगिसकेको छ । वर्तमान व्यवस्थाअनुसार शरणार्थीहरुले शिविरबाहिर गएर आर्थिक क्रियाकलाप गर्न पाउँदैनन् र आफ्नो जमीन पनि राख्न पाउँदैनन् । यस्तो अवस्थामा उनीहरुको आधारभूत आवश्यकता पूरा गर्नका लागि दातृ समुदायबाट प्राप्त हुने खाद्यान्नजस्ता मानवीय सहयोगहरु अत्यन्तै महत्वपूर्ण हुन्छन् ।

#####